"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## DHARAN SUB-METROPOLITAN CITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, कोशी प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

मितिः २०८१।०५।२१

पत्र संख्या :- ०८१/०८२
चलानी नं. :- १२०७

............................ महाशाखा / शाखा / उपशाखा

**नगर प्रहरी निरीक्षक पदका लागि पुनः करार सेवामा दरखास्त आह्वान गरिएको सूचना।**

**प्रकाशित मितिः २०८१।०५।२१ (तेस्रो पटक)**

यस धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयका लागि खुल्ला छनौट विधिद्वारा तपसिलको पदमा **करार सेवामा** पदपुर्तिका लागि मिति २०८१।०५।०९ गते ७ दिने दोस्रो पटक सूचना प्रकाशित गरिएकोमा अन्तिम दिनसम्म पनि कसैको आवेदन नपरेको हुँदा पुनः ७ दिनको समय थप गरिएको छ। तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रशासन महाशाखामा दर्खास्त पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकासन गरिन्छ।

| विज्ञापन नं | पद | निवेदन दस्तुर | पद संख्या | योग्यता/ पेश गर्नुपर्ने आवश्यक कागजातहरु |
|---|---|---|---|---|
| १/२०८१/८२ | नगर प्रहरी निरीक्षक | १२००/- (बाह सय मात्र) | १ (एक) | • नेपाली नागरिक भएको।<br>• उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।<br>• सुरक्षा निकायमा निरीक्षक वा सो सरहको पदमा सेवा गरेको वा नायव निरीक्षक वा सो सरहको पदमा ५ वर्ष सेवा गरेको।<br>• कुनै पनि फौजदारी अभियोगमा सजाय नपाएको भनी सम्बन्धित प्रहरी कार्यालयबाट प्रमाणित प्रमाण पत्र।<br>• मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र।<br>• सम्बन्धित ईलाका वा वडा प्रहरीबाट जारी भएको चारीत्रिक प्रमाण पत्र<br>• पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जि. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल न्यूनतम ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएका।<br>• नेपाल प्रहरीमा कम्तिमा निरीक्षक पदमा सेवा गरेको वा नायब निरीक्षक पदमा ५ वर्ष सेवा गरेको।<br>• नेपाल प्रहरी सेवामा काम गरेकोलाई विशेष ग्राह्यता दिईने छ। |

१) दरखास्त फारम भर्ने सम्बन्धमाः धरान उपमहानगरपालिकाको प्रशासन महाशाखाबाट दरखास्त फारम लिई फारम भर्नु पर्नेछ।वा कार्यालयको website www.dharan.gov.np बाट डाउनलोड गर्न सक्नु हुनेछ।
२) पासपोर्ट साइजको फोटो ३ प्रति।
३) तलब सुविधा तथा अन्य सेवा शर्तः यस कार्यालय सँग भएको सम्झौता अनुसार।
४) उम्मेदवारको छनौट विधिः प्रयोगात्मक र प्रत्यक्ष अन्तरवार्ता।
५) फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको प्रशासन महाशाखा।
६) उल्लेखित पद छनौट गर्दा शारीरिक परीक्षणको माध्यबाट छोटो सूची तयार गरिनेछ। छोटो सूचिमा परेकाहरुको अन्तरवार्ताको माध्यमबाट छनौट गरिने छ।
७) आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार धरान उपमहानगरपालिकालाई हुनेछ।
८) रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही स्वयं आफै हुनु पर्नेछ।
९) दरखास्त दिने अन्तिम मिति : सुचना प्रकाशन भएको मितिले ७ दिन अर्थात २०८१।०५।२७ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम दिन सार्वजानिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।
१०) अन्य थप जानकारी चाहिएमा धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रशासन महाशाखामा सम्पर्क राख्न सकिनेछ।

८१-५-२१
भुपेन्द्र राई
प्रमुख प्रशासकीय अधिकृत